श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री वासुदेव खनाल

<u>फैसला</u>

२०७९/०८० सालको निर्णय नं. ४५२

पुनरावेदन नं. ०७७-RB-०१५५

पुनरावेदन दर्ता मितिः-२०७७।०६।०९

**<u>मुद्दाः– अग्रिम कर कट्टी (आ.व. २०७१/७२)।</u>**

| | |
|---|---|
| सोनापुर सुनसरी स्थित अरिहन्त मल्टी फाईवर्स लिमिटेड (स्थायी लेखा नं. ३०००१६९६५) को तर्फबाट अधिकार प्राप्त ऐ.का ग्रुप भाईस प्रेसिडेन्ट अमित कुमार जैन.....................................................................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन,ललितपूर........................................१<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं.......................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः-२०७५।०२।१४

**<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मितिः- २०७६।१२।१०

**<u>उपस्थित कानुन व्यवसायीहरुः</u>**

पुनरावेदकका तर्फबाटः-विद्वान बरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान

अधिवक्ता श्री नितेश श्रेष्ठ ।

प्रत्यर्थीका तर्फबाटः- विद्वान सहायक न्यायाधिबक्ता श्री संगीता थोकर

**<u>अवलम्वित नजीरः ×</u>**

ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५/२/१४ को संशोधित कर निर्धारणको निर्णय र सोही निर्णय लाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७६।१२।१० मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## <u>तथ्य खण्ड</u>

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता अरिहन्त मल्टी फाईवर्स लिमिटेडले आ.व. २०७१/७२ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालयमा मिति २०७२।०९।३० मा आय विवरण पेश गरेको।

२. आ.व. २०७१/०७२ को लागि ठूला करदाता कार्यालयबाट कर परिक्षण हुँदा सोको सिलसिलामा करदाताबाट पेश हुन आएको आय विवरणसाथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको कर परीक्षण प्रतिवेदन समेतको आधारमा प्रस्तुत करदाताले आ.व. २०७१/७२ मा श्रोतमा कर कट्टी गरी दाखिला नगरेको कर रकम रू.१,७४,७२४।- (अक्षेरुपी एक लाख चौरत्तर हजार सात सय चौविस रूपैंया मात्र) माग गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिम करदातालाई मिति २०७५।०१।२८ मा लिखित सूचना जारी गरीएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५।०१।२८ मा जारी गरीएको सूचना बमोजिमको जवाफ करदाताले मिति २०७५।०२।०८ मा पेश गरेको।

४. यसमा श्रोतमा कर कट्टी रकम रू.१,७४,७२४।- (अक्षेरुपी एक लाख चौरत्तर हजार सात सय चौविस रूपैंया मात्र) दाखिला गर्न आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) वमोजिमको आदेश दिने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०२।१४ मा भएको निर्णय।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट श्री अरिहन्त मल्टि फाईवर्स लिमिटेडको आ.व. २०७१/७२ मा प्रशासनिक खर्च अन्तर्गत **Gratuity** शीर्षकमा

रु.६,०५,१११।— भुक्तानी गरेको रकममा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले अग्रिम करकट्टी गरी दाखिला गर्नु पर्नेमा गरेको नदेखिएकोले आयकर ऐन, २०५८ को दफा ८८ (१) बमोजिमको कर रु.९०,७६६।— सोही ऐनको दफा १२० (क) बमोजिम शुल्क रु.४५,३८३।—को र सोही ऐनको दफा ११९ बमोजिमको ब्याज (२०७२ श्रावण देखि २०७५ जेठ सम्म) रु.३८,५७५।— समेत जम्मा रु.१,७४,७२४।— (अक्षेरुपी एक लाख चौरत्तर हजार सात सय चौविस रूपैंया मात्र ) सूचना बुझेको मितिले ७(सात) दिन वा हुलाकबाट रजिष्टर गरी पठाएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकमा दाखिला गर्नु हुन आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम मिति २०७५।०२।१५ मा ठूला करदाता कार्यालयबाट करदाताको नाममा भुक्तानीमा करकट्टी रकम दाखिला गर्ने बारे सूचना जारी गरीएको।

६. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५।०२।१५ मा अरिहन्त मल्टि फाईवर्सको नाममा जारी भएको भुक्तानीमा करकट्टी रकम दाखिला गर्ने बारे सूचना करदाताले मिति २०७५।०२।१७ मा बुझिलिएको।

७. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट अग्रिम कर तर्फ आर्थिक वर्ष २०७१/७२ को लागि मिति २०७५।०२।१४ मा जारी भएको अग्रिम कर कट्टी आदेश उपर चित्त नबुझाई करदाता अरिहन्त मल्टि फाईवर्सले प्रशासकीय पुनरावलोकन गरी पाउँ भनी मिति २०७५।०४।०९ मा आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौमा पेश गरेको निवेदन पत्र।

८. आयकर ऐन,२०५८ को दफा ८८ को उपदफा (१) बमोजिम बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, विक्री बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफलको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने ब्यवस्था रहेको र अग्रिम कर कट्टी गर्नु पर्ने दायित्व भएको ब्यक्तिले तोकेको समयभित्र दाखिला गर्नु पर्ने तोकिएको समयमा दाखिला नगरे वा घटी दाखिला गरे कानून बमोजिमको ब्याज दाखिला गर्नु पर्ने प्रावधान रहेकोले ऐनमा भएको प्रावधान बमोजिम अग्रिम कर कट्टी गरी कर रकम दाखिला गरेको प्रमाण पेश नगरेको तथा स्वीकृत अवकाश कोषमा जम्मा गरेको पुष्टी हुने प्रमाण तथा कागजात पेश नगरेको अवस्थामा ठूला करदाता कार्यालयबाट निर्धारण गरेको अग्रिम कर कानून सम्मत भएको देखिदा निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१२।१० मा भएको निर्णय।

९. करदाता कार्यालयले कर्मचारीलाई दिइएको उपदान रकम कसैलाई एकमुष्ट भुक्तानी नदिई विभिन्न कामदार तथा कर्मचारीहरुको नाममा एन.सि.सि. बैंक लिमिटेडको

अवकाश कोष खातामा जम्मा गर्ने गरेको, यसरी भुक्तानी नै नभएको रकममा कर कट्टी गरी दाखिला गर्दा नियम संगत नहुने। मजदुरको हकमा रहेको **Gratuity** रकम एकमुष्ट स्वीकृत अवकाश कोषमा जम्मा भएकाले सो रकममा कुनै कर नलाग्ने हुँदा अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी अग्रिम करको हकमा दफा १२०(क) बमोजिम शुल्क नलाग्ने निर्णय गरी पाउँ भन्ने समेत व्यहोराको करदाताले मिति २०७७।०६।०९ मा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

१०. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) वमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाडौंलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७७।१०।०२ मा यस न्यायाधिकरणबाट भएको आदेश।

११. प्रस्तुत मुद्दामा पुनरावेदक करदाताको तर्फबाट उपस्थित विद्धान बरिष्ठ अधिवक्ताले लिखित बहसनोट पेश गर्ने समय पाउँ भनी माग गर्नु भएकोले पुनरावेदक करदाता तथा प्रत्यर्थी दुवै पक्षबाट एक महिना भित्र लिखित बहसनोट पेश गर्न लगाइ नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/१२/२० मा भएको आदेश।

१२. करदाताले जिकिर लिएको उपदानको रकम एकमुष्ट भुक्तानी नदिई विभिन्न कामदार तथा कर्मचारीहरुको नाउँमा स्वीकृत प्राप्त एन.सि.सि.बैक लि. को अवकाश कोष खातामा जम्मा गरेको देखिन्छ। आयकर ऐन,२०५८ को दफा ८८ को उपदफा (१) बमोजिम बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, विक्री बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफलको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने ब्यवस्था रहेकोमा ऐनको प्रावधान बमोजिम अग्रिम कर कट्टी गरी कर रकम दाखिला गरेको प्रमाण पेश नगरेको तथा स्विकृत अवकाश कोषमा जम्मा गरेको पुष्टि हुने प्रमाण पेश नगरेको अवस्थामा ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व विभागबाट भएको निर्णय कानून सम्मत नै भएको देखिन्छ भन्ने समेत ब्यहोराको विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले मिति २०८०/०२/०३ मा पेश गर्नुभएको लिखित वहसनोट।

१३. पुनरावेदक करदाता अरिहन्त मल्टि फाईवर्स लिमिटेडले आ.व.२०७१।७२ मा कामदार कर्मचारीहरुलाई आवकाश हुँदाको अवस्थामा दिनुपर्ने उपदान रकम रु.६,०५,१११।— एन.सि.सि.बैंक लि.को अवकाश कोष खातामा जम्मा गरेको

छ। उक्त अवकाश कोष खातामा जम्मा गरेको रकम करदाता उद्योगले प्रयोग गर्न सक्ने ब्यवस्था छैन । ऐनमा नै अवकाश कोषमा रकम अनिवार्य जम्मा गर्ने र खर्च लेख्नु पर्ने कानूनी व्यवस्था रहेकोले कर्मचारीले अवकाश प्राप्त गर्दाको अवस्थामा मात्र भुक्तानी पाउने भएता पनि उद्योगले अनिवार्य खर्च लेखि अवकाश कोषमा जम्मा गर्नु पर्ने भएकोले खर्च लेखिएकोमा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अग्रिम कर कट्टी गरी रकम दाखिला नभएको भनी अग्रिम कर माग गर्नु कानून विपरीत छ। कर्मचारीलाई रकम भुक्तानी नै नभएको अवस्थामा यस आ.व.मा स्विकृत अवकाश कोषमा उपदान बापत जम्मा गरेको रकममा अग्रिम कर लाग्ने गरी भएको कर निर्धारण कानून विपरीत हुँदा बदर गरी पाउँ भन्ने समेत ब्यहोराको पुनरावेदक तर्फका विद्वान बरिष्ठ श्री अधिवक्ता चण्डेश्वर श्रेष्ठ र विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठले पेश गर्नु भएको बहसनोट।

## ठहर खण्ड

१४. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता अरिहन्त मल्टि फाईवर्स लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान बरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठ तथा प्रत्यर्थी कार्यालयहरुको तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकरले गर्नुभएको बहस समेत सुनियो।

१५. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु तथा लिखित बहसनोट र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको हकमा भएको मिति २०७५।०२।१४ को अग्रिम कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६।१२।१० को निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१६. निर्णय तर्फ विचार गर्दा, करदाताले पेश गरेको पुनरावेदन पत्र मा मूलतः उपदान शीर्षकमा व्यवस्था गरेको **Gratuity** रकममा अग्रिम कर माग गरेको निर्णय कानुन सम्मत नरहेको भनी जिकीर लिएको देखियो।

१७. ठूला करदाता कार्यालयले यस आ.ब. २०७१/७२ मा करदाता बाट अग्रिम कर माग गरेको रकम कसैलाई भुक्तानी दिएको उपदान बापतको रकम नभई विभागका कर्मचारीहरुलाई भुक्तानी गर्नुपर्ने उपदान बापत **Provision** गरेको रकम देखिन्छ । उक्त रकम **NCC Bank** मा रहेको स्वीकृत अवकाश कोष खातामा जम्मा गरिएको भनी मिति २०७५/२/८ को जवाफमा स्पष्ट उल्लेख गरेको देखियो। आयकर ऐन,

२०५८ को दफा ६५ को उपदफा (२) मा "कुनै प्राकृतिक व्यक्तिले कुनै स्वीकृति नलिएको अवकाश कोषमा रहेको हितबाट भएको लाभ गणना गर्ने प्रयोजनका लागि देहाय बमोजिम हुनेछः-क) बासिन्दा व्यक्तिबाट रकम भुक्तानी गरिएकोमा अन्तिम रुपमा हुने कर कट्टीको रुपमा सो हिताधिकारी उपर सो रकममा कर लाग्नेछ ख) गैरबासिन्दा व्यक्तिले रकम भुक्तानी गरेकोमा सो हिताधिकारीको आय गणना गर्दा सो रकम समावेश गर्नु पर्नेछ " भन्ने कानुनी व्यवस्था रहेको र स्वीकृत अवकाश कोषमा रहेको उक्त रकम सम्बन्धित कामदार वा कर्मचारीलाई भुक्तानी गर्दाको बखत आयकर ऐन, २०५८ को दफा ८८(१) तथा दफा ६५ बमोजिम अग्रिमकर कट्टी हुने नै देखिन्छ ।यस स्थितिमा करदाताले मजदुर तथा कर्मचारीको लागि स्वीकृत अवकाश कोषमा जम्मा गरीदिएको रकम व्यवसाय सँग सम्बन्धित खर्च रहेको र त्यसमा अहिले नै अग्रिम कर माग गरेको ठूला करदाता कार्यालयको मिति २०७५/२/१४ को निर्णय तथा सोही निर्णय सदर गर्नेको आन्तरिक राजश्व विभागको निर्णय समेत न्यायोचित नदेखिदा उल्टी हुने देखियो ।

१८. जहाँसम्म अग्रिम कर माग गरेको रकममा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क गणना गरेको त्रुटी पूर्ण भन्ने अर्को पुनरावेदन जिकिर छ, सो सम्बन्धमा हेर्दा माथि प्रकरण नं.१७ मा गरीएको विवेचना बाट मजदुर तथा कर्मचारीको लागि स्वीकृति अवकाश कोषमा जम्मा गरेको उपदान बापतको **Gratuity** रकममा अग्रिम कर माग गरेको निर्णय नै न्यायोचित नदेखिई उल्टी भएको सन्दर्भमा अग्रिम कर नै बुझाउनु नपर्ने भएपछि त्यस्तो रकममा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क समेत गणना हुने अवस्था नै नदेखिदा यस सम्बन्धमा थप विवेचना गरीरहनु परेन ।

१९. तसर्थ, माथि उल्लिखित आधार कारणबाट यसमा करदाता अरिहन्त फाइवर्स लिमिटेड (स्थायी लेखा नं. ३०००१६९६५) को आ.व. २०७१/०७२ को संशोधित कर निर्धारण गर्दा करदाताले कर्मचारीहरुलाई भुक्तानी गर्नुपर्ने Gratuity (उपदान) रकममा अग्रिम कर माग गर्नेगरी ठूला करदाता कार्यालयबाट मिति २०७५।०२।१४ मा गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१२।१० मा भएको निर्णय समेत कानून सम्मत नदेखिदा उल्टी भई बदर हुने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए वमोजिम पुनरावेदक अरिहन्त मल्टि फाइवर्स लि. को आ.व. २०७१/७२ को अग्रिम कर तर्फ कर्मचारीको **Gratuity** रकममा अग्रिम कर माग गरेको र आयकर ऐन, २०५८ को दफा १२० को खण्ड (क) बमोजिम शुल्क लगाएको हदसम्म ठूला करदाता कार्यालय,

हरिहरभवन ललितपुरबाट मिति २०७५।०२।१४ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१२।१० मा गरेको निर्णय सो हदसम्म उल्टी हुने ठहरी फैसला भएकोले अग्रिम कर बापत करदाताले बुझाएको रकम हिसाव गरी करदाताको अर्को आ.व. को हिसावमा मिलान गरीदिनु भनी शुरु ठूला करदाता कार्यालयमा लेखी पठाइदिनू।

२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू ।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः- लक्ष्मी प्रसाद शर्मा
टिपोट गर्ने ः- शान्ता खतिवडा(नासु)
फैसला मितिः- २०८०।०२।२८
प्रमाणीकरण गर्ने लेखा सदस्य
फैसला प्रमाणीकरण मितिः-
राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप